बैठक मितिः २०७७/११/२१

बैठक सङ्ख्याः २०

**छलफल तथा निर्णयः**

१. स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट राष्ट्रिय पोषण रणनीति, २०७७ कार्यान्वयनको लागि तयार गरिएको कार्ययोजना (२०७७/७८-२०८१/८२), राष्ट्रिय योजना आयोगद्वारा तयार गरी कार्यान्वयनमा रहेको बहुक्षेत्रीय पोषण योजना- दोस्रो (२०१८-२०२२) सँग सामञ्जस्य रहे/नरहेको सन्दर्भमा राष्ट्रिय योजना आयोगको राय/सुझाव माग गरिएकोमा महाशाखाबाट प्रस्तुत राय/सुझावमा आयोगको बैठकबाट प्राप्त सुझाव समेत समावेश गरी पठाउने।

२. संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबाट निजगढ अन्तर्राष्ट्रिय विमानस्थल आयोजनाको बहुवर्षीय ठेक्का व्यवस्थापनको अनुरोध भै आएकोमा खरिद गुरुयोजना, वार्षिक खरिद योजना र अनुगमन मूल्याङ्कन योजना सम्बन्धित मन्त्रालयबाट माग गरी स्रोत सुनिश्चितताका लागि अर्थ मन्त्रालयमा लेखी पठाउने।

३. गृह मन्त्रालयबाट ब.उ.शी.नं. ३१४०२०११ (कारागार व्यवस्थापन विभाग) अन्तर्गत कारागार कार्यालय मोरङको बहुवर्षीय ठेक्का व्यवस्थापनका लागि अनुरोध भै आएकोमा स्रोत सहमतिका लागि अर्थ मन्त्रालयमा लेखी पठाउने।

४. मदन भण्डारी प्रौद्योगिक विश्वविद्यालयसँग सम्बन्धित पूर्वाधार निर्माण सम्बन्धी परियोजनालाई राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना निर्धारण गर्ने सम्बन्धी निर्णयलाई अनुमोदन गरियो।

**विविधः**

क. नेपाल अतिकम विकसित राष्ट्रबाट विकासशील राष्ट्रमा स्तरोन्नति हुने विषय छलफल गरियो।

ख. Department of International Development(DFID) को सहयोगमा सञ्चालित Data for Development (D4D) दोस्रो चरण कार्यक्रम कार्यान्वयनलाई समन्वयात्मक ढङ्गले सञ्चालन गर्न राष्ट्रिय योजना आयोगले सहजीकरण गर्ने।

ग. आ.व २०७८/७९ को लागि बजेट सीमा तथा मार्गदर्शन सम्बन्धमा छलफल गरियो।

घ. प्रारम्भिक बालविकास रणनीति २०७७/७८ लाई वेवसाइटमा राखी सार्वजनिक गर्ने निर्णय गरियो।